स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

संवत् २०८० सालको कार्यविधि नं...........

# उपभोक्ता समिति मार्फत सार्बजनिक निर्माण कार्य गराउने सम्बन्धि कार्यविधि २०७९ लाई पहिलो संशोधन गर्न बनेको कार्यविधि, २०८०

प्रस्तावना:

मध्यपुर थिमि नगरपालिका उपभोक्ता समिति मार्फत सार्बजनिक निमार्ण कार्य गराउने सम्बन्धि कार्यविधि २०७९मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संञ्चालन ऐन, २०७४,को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको २०८०।०७।०३ ले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र परिभाषा : (१) यो कार्यविधिको नाम "मध्यपुर थिमि नगरपालिका उपभोक्ता समिति मार्फत सार्बजनिक निमार्ण कार्य गराउने सम्बन्धि कार्यविधि, २०७९ (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ ।

२) यो कार्यविधि मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र ......बाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. दफा ५ को उपदफा (१) मा रहेको उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गर्दा आयोजनाको लागि नगर सभाबाट स्वीकृत आर्थिक ऐन तथा विनियोजन ऐन अनुसारको रकम योगदान स्वरुप उपभोक्ता समितिको तर्फबाट उपलब्ध गराउनु पर्नेछ।

तर कुनै व्यक्ति वा संस्थाले स्वेच्छिक रुपमा दिएको कुनैपनि किसिमको दान दातव्यलाई उपभोक्ता समितिको योगदानमा गणना गरिने छैन।

साथै सम्पदामूलक (पुरातात्विक, मठ मन्दिर, धारा, पोखरी पाटी, पौवा, इनार, सत्तल, दरबार) जस्ता कार्यहरुमा लागत सहभागिता वापतको बीस प्रतिशत रकम उपभोक्ता समितिले व्यहोर्नु पर्ने छैन।

३. दफा ९ को उपदफा (१) मा दफा ८ बमोजिम नगरपालिका वा वडाबाट जानकारी प्राप्त भएपछि नगरस्तरीय कार्यक्रम भए प्रमुख, वा निजले तोकेको प्रतिनिधिको रोहवरमा र वडास्तरीय कार्यक्रम भए वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधिको रोहवरमा उपभोक्ता वा प्रत्यक्ष लाभग्राही समुदायको आमभेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै ७ देखि ११ जनासम्म सदस्य रहेका अनुसूची १ बमोजिमको विवरण सहितको उपभोक्ता समिति गठन गर्नु गराउनु पर्नेछ।

४. दफा ९ को उपदफा (२) झिक्ने।

५. दफा ९ को उपदफा (४) मा रहेको तीन दिन राख्ने।

६. दफा २६ (ख) नगर प्रमुखले नगर सभा सदस्यहरू मध्येबाट तोकेको एक जना महिला सहित २ जना सदस्य।

७. दफा ३९ उपभोक्ता समितिको निरन्तरता को उपदफा (१) मा सार्वजनिक निर्माण कार्यको लागि गठन भएको उपभोक्ता समिति प्रचलित कानून बमोजिम दर्ता भएको वा सूचीकरण भएको अवस्थामा निरन्तर रही रहनेछन्। यस्ता समिति वार्षिक रूपमा नवीकरण गरेको आधारमा आयोजना कार्यान्वयनमा संलग्न हुनेछन्।

प्रमाणीकरण मितिः २०८०।०८।२४

आज्ञाले

केशव सिलवाल

नि. प्रमुख प्रशासकीय अधिकृत